का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ वैशाख २०७९,
बुधबार
20 April 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २०, अंक ७४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

सत्ता गठबन्धन

# बल्ल मिल्यो भागवण्डा

सत्ता गठबन्धनले महानगर र उपमहानगरको भागवण्डा मिलाएको छ । मुख्य भागवण्डा मिलाए पनि नगरपालिका र गाउँपालिकाको भागबण्डाबारे कुरा मिलिसकेको छैन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ वैशाख ।

सत्तारुढ पाँच दलबीच महानगर र उपमहानगरको नेतृत्वमा सहमति जुटेको छ । आसन्न स्थानीय तहको चुनावमा पाँच दल तालमेल गर्दैछन् । मंगलबारको सत्तागठबन्धनले गरेको निर्णय अनुसार ६ मध्ये तीन वटा महानगरको नेतृत्वमा नेपाली कांग्रेसका उम्मेदवार उठ्नेछन् । नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले एक/एक महानगरको नेतृत्व लिनेछन् ।

३० बैशाखमा हुने चुनावका लागि उम्मेदवारी दर्ताको समय आउन चार दिन बाँकी छ । केही दिनदेखि लगातार छलफल गरेर मंगलबार गठबन्धनले महानगर र उपमहानगरमा भागवण्डामा सहमति गरेको हो । सत्ता गठबन्धनले उपमहानगरमा पनि भागवण्डा मिलाएको छ ।



हामी प्याकेजमै सहमति खोजिरहेका छौं । छलफल सकरात्मक छ । हामी निष्कर्षको चरणमा पुगेका छौं ।

■ **ज्ञानेन्द्रबहादुर कार्की**
संचार मन्त्री

११ वटा उपमहानगरमध्ये कांग्रेसले ६ वटा उपमहानगर, नेकपा माओवादी केन्द्रले तीन वटा, नेकपा एकीकृत समाजवादी र जसपाले एक/एक उपमहानगरको नेतृत्व लिने सहमति भएको छ ।

भागवण्डाका कतिपय स्थानमा स्थनीय राजनीतिक दलहरुले असन्तुष्टि जनाएका छन् । तर, स्थानीय असन्तुष्टिलाई सम्बन्धित दलले आन्तरिक रुपमै मिलाउने गठबन्धनमा रहेका दलहरुको सहमति छ । गठबन्धनको सहमति अनुसार पोखरा महानगरपालिकाको नेतृत्व एकीकृत समाजवादीले पाउनेछ । यो सहमति गठबन्धनका बीचमा भइरहँदा पोखराबाट काठमाडौं आएका स्थानीय नेताहरु काठमाडौंमै थिए ।

मंगलबार नै कांग्रेसका गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, कास्की जिल्ला सभापति किहोरदत्त बराल र नेता यज्ञबहादुर

– बाँकी पृष्ठ २ मा

# उम्मेद्वार बन्न राजीनामा दिनैपर्ने

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ वैशाख ।

स्थानीय तहका बहालवाला जनप्रतिनिधिले पुनः उम्मेदवार बन्न मनोनयन दर्ता गर्नु अघि पदबाट राजीनामा दिनुपर्ने भएको छ । निर्वाचन आयोगले आचारसंहितामार्फत गरेको राजीनामा दिनुपर्ने प्रवाधान तत्काल कार्यान्वयन नगर्नु भनी सर्वोच्च अदालतले यसअघि अल्पकालीन अन्तरिम आदेश दिएको थियो । चैत ८ गते न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले राजीनामा दिनैपर्ने प्रावधान कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । उक्त आदेश मंगलबार खारेज भएको छ ।

न्यायाधीशहरु तेजबहादुर केसी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले दायर गरेको रिट नै खारेज गरिदिएका हुन् ।

“कानुन अनुसार बनाएको आचारसंहिता विरुद्ध आवाज उठ्यो । सर्वोच्च गएर ब्याख्या भएर आयो । यो सबैको हीतमै रह्यो भन्ने विश्वास छ

■ **दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

यसअघि निर्वाचन आयोगले उम्मेदवारको योग्यतामा यो विषयलाई राखेको थियो । तर, दलहरुले असन्तुष्टी जनाएका थिए । सर्वोच्च अदालतमा पनि रिट परेपछि जन्मिएको आशंकालाई सर्वोच्च अदालतले मंगलबार चिरिदिएको छ । निर्वाचन आयोगले पनि स्थानीय तहमा बहालवाला

– बाँकी पृष्ठ २ मा

## मतदातासँग नेकपा एसको आह्वान

# एमालेको मूलप्रवाह हौं

आसन्न स्थानीय तहको चुनावका लागि घोषणापत्र सार्वजनिक गर्दै नेकपा एकीकृत समाजवादीले आफुहरु नै नेकपा एमालेको मूलप्रवाह भएको जिकिर गरेको हो ।

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ६ वैशाख ।

नेकपा एकीकृत समाजवादीले आफुलाई नेकपा एमालेको मूलप्रवाहको रुपमा प्रस्तुत गरेको छ । मंगलबार चुनावी घोषणापत्र सार्वजनिक गर्दै पार्टी अध्यक्ष माधव नेपालले आफ्नो पार्टी मतदातासँग आह्वान गर्दै भने, ‘एमालेको मूलप्रवाह हौं ।’

सार्वजनिक घोषणापत्रमा पनि एकीकृत समाजवादीले पार्टीलाई एमालेको उत्तराधिकारीको रुपमा प्रस्तुत गरेको छ ।

एकीकृत समाजवादीले चुनावी घोषणापत्रमा लेखेको छ, ‘नेकपा (माले) र मार्क्सवादीबिच एकीकरण भई बनेको नेकपा (एमाले) का उत्तराधिकारी हौं ।’ नेकपा (एमाले) को आचरण र कार्यशैली सुधार्नका लागि धेरै प्रयास गरेको तर नसकेपछि नयाँ पार्टी गठन गर्नु परेको एकीकृत

– बाँकी पृष्ठ २ मा

# सत्ता निर्णयमा अल्पकालीन रोक

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ वैशाख ।

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ । सर्वोच्चका न्यायाधीश हरि फुयालको एकल इजलासले दिएको अल्पकालीन अन्तरिम आदेश दिएसँगै अधिकार अब राष्ट्र बैंकको नेतृत्वमा फर्कनेछन् ।


अन्तरिम आदेशपछि गभर्नर अधिकारीले सर्वोच्चबाट राष्ट्र बैंकले न्याय पाएको प्रतिक्रिया दिए । व्यक्ति आउने/जाने भइरहने तर्क गर्ने अधिकारीले अन्तरिम आदेशबाट राष्ट्र बैंकले न्याय पाएको बताए । सरकारको निर्णयलाई असहयोग गरेको आरोप लगाएर गभर्नर अधिकारीमाथि छानबिन गर्न समिति गठन भएको थियो ।

छानबिन समिति बनेलगत्तै कानुन बमोजिम अधिकारी स्वतः निलम्बित भएका थिए । तर सर्वोच्च अदालतले निलम्बनको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको छ । अदालतको आदेशले अधिकारीलाई राष्ट्र बैंकको नेतृत्वमा फेरि फर्कने बाटो खुलेको छ । थप सुनुवाइ भने आगामी १२ वैशाखमा तोकिएको छ ।

तर त्यसबेलासम्म छानबिन समितिलाई अनुसन्धान समेत

– बाँकी पृष्ठ २ मा

# त्रिपक्षीय प्रतिस्पर्धाको तयारी, प्यानलसहित मैदानमा



**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ६ वैशाख ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको नयाँ नेतृत्वको निर्वाचनसहित बुधबार एघारौं साधारणसभा हुँदैछ । एशोसिएसन नेपाली काँग्रेसको सुभेच्छुक संस्था हो ।

राजधानीको बसुन्धरामा हुने साधारणसभाको उद्घाटन कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले गर्ने अध्यक्षा पूर्व प्रथम उपाध्यक्ष कुमुद खनालले अध्यक्षमा दावी गरेका छन् । उनीहरु प्रचारमा उत्रिएका छन् ।

अध्यक्ष ढकाल परिस्थिति अनुकूल भए दोहोरिने मनस्थितिमा रहेको भएपनि उम्मेदवारी सार्वजनिक गरेका छैनन् । साधारणसभाले दुई वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

२०६३ सालमा स्थापना भएको फोरमका संस्थापक

## वैदेशिक रोजगार विशेष

नरेन्द्रप्रसाद ढकालले जानकारी दिए । पार्टीका सहमहामन्त्री भिष्मराज आङदम्बे, केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे लगायत साधारणसभामा उपस्थित व्यवसायीलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

साधारणसभामा भाग लिने आधिकारिक प्रतिनिधिसहित आफनो संस्थाको नवीकरण गर्नेको संख्या ३२० नजिक रहेको एशोसिएसन कार्यालय श्रोतले बतायो । एक अध्यक्षका लागि एसोसिएशनमा तीन जना व्यवसायीले दावी गरेका छन् । अध्यक्ष पदसहित कार्यसमितिमा सहमतिको अनौपचारिक प्रयास भएपनि मंगलबार अवेरसम्म सहमति जुट्न सकेको छैन ।

एशोसिएसनका वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, पूर्व बरिष्ठ उपाध्यक्ष ऋषि शर्मा र नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष तिलकबहादुर रानाभाट पछि क्रमशः यमबहादुर केसी, किरणकिशोर घिमिरे, बिमल ढकाल, प्रज्ञान न्यौपाने र विष्णुप्रसाद गैरे सबै कार्यसमिति निर्विरोध निवाचित भएका थिए । सहमति हुन नसकेपछि हंशराज वाग्ले र ढकाल निर्वाचनको माध्यमबाट चयन भएका हुन् ।

एसोसिएसनको विधानअनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र दुई उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्यहरुसहित २३ सदस्यीय रहने भएपनि कार्यसमितिमा १९ जनाको निर्वाचन भएको हो भने ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था छ । वर्तमान अध्यक्ष ढकाल भुवन सिं गुरुङ, ऋषि शर्मा र सीता देवकोटालाई पराजित गरी विजयी भएका हुन् ।

ढकालले १०३ मत ल्याई अध्यक्षमा विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी गुरुङले ५६, शर्माले ४४ मत र सीता देवकोटाले ३९ मत ल्याए । फोरमको वरिष्ठ उपाध्यक्षमा तारानाथ अर्याल १०४ मत ल्याई विजयी भएका थिए । अर्यालका निकटतम प्रतिद्वन्द्वी भगीरथ

– बाँकी पृष्ठ २ मा





हामी पन्ध्र वर्ष पूरा गरी सोह्रौं वर्षमा प्रवेश गरेका छौं ।

यस सुखद अवसरमा समस्त आदरणीय ग्राहकवर्गहरु, शेयरधनीहरु, नियामक निकायहरु, कर्मचारीहरु तथा शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा अझै उच्चस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

| | |
|---|---|
| चुक्ता पूँजी | रु. १४ अर्ब २० करोड |
| कर्जा | रु. १ खर्ब ३८ अर्ब ७२ करोड |
| निक्षेप | रु. १ खर्ब ४६ अर्ब ६१ करोड |
| खुद नाफा (तेस्रो त्रैमास २०७८/७९) | रु. १ अर्ब ५८ करोड ९६ लाख |
| शाखा | १७४ |
| कर्मचारी | १,७६३ |
| मोबाइल तथा ईन्टरनेट बैंकिङ | ६ लाख १३ हजार |
| ग्राहक संख्या निक्षेप | १३ लाख ५५ हजार |
| ग्राहक संख्या कर्जा | ६० हजार ६ सय |
| डिम्याट खाता | १ लाख ५६ हजार |

Citizens Support Center - Email: support@ctznbank.com, Tel: 01-5970068

Citizens Bank
Narayanhiti Path, Kathmandu
TEL:+977 1 4427842/43/24
EMAIL:info@ctznbank.com
SWIFT: CTZNNPKA
#CTZNprogress



## हार्दिक निमन्त्रणा

नेपाली काँग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको मिति २०७९/०१/०७ गते निम्न मिति स्थान र समयमा सम्पन्न हुने निर्वाचन सहितको ११ औं साधारण सभालाई भब्य, सब्य र प्रभावकारी बनाउन सम्पूर्ण ब्यवसायी ज्यूहरूलाई उपस्थितिका लागि हार्द्धिक अनुरोध गर्दछौ ।

जय नेपाल !

कार्यक्रम :

प्रमुख अतिथि : विश्व प्रकाश शर्मा ज्यू महामन्त्री, नेपाली काँग्रेस
विशिष्ठ अतिथि : भिष्मराज आङ्गदम्बेज्यू सह महामन्त्री, नेपाली काँग्रेस
विशिष्ठ अतिथि : शुरेन्दराज पाण्डेयज्यू केन्द्रिय सदस्य एवं पार्टी प्रतिनिधि, नेपाली काँग्रेस

मिति : २०७९।०१।०७ गते बुधवार
स्थान : दियालो फुडल्याण्ड बसुन्धारा, काठमाडौं ।
समय : बिहान ८ बजे

भवानी निरौला
महासचिव

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८
ईमेलः ndfeefforum@gmail.com



## मलेसिया र कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : TAN CHONG MOTOR ASSEMBLIES SDN BHD — शहर : Jalan segambut
पूर्व स्वीकृत मितिः २०७९/०१/०६ — चलानी नं.: ६०१७८०८८ — L.T. No.: 261807

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 160 | 0 | स. काममा दक्ष | 1200 | ३४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : TCM STAMPING PRODUCTS SDN BHD — शहर : Jalan segambut
पूर्व स्वीकृत मितिः २०७९/०१/०६ — चलानी नं.: ६०१७८१०७ — L.T. No.: 261808

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : LUSAIL GARDEN DECORATION — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०१/०६ — चलानी नं.: ६०१७८०८९ — L.T. No.: 261639

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | स. काममा दक्ष | 2500 | ८३,३२५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Internal Decor Technician | 1 | 0 | | 1100 | ३६,६६३ | | | | | | | |

अन्तर्वार्ता एनपी एर्यरपोर्ट होटेल, काठमाडौंमा २०७९ बैशाख १४ गते (27 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Fusion International Pvt Ltd
Panchakumari Marga, New BaneshworKathmandu, Nepal
Email: info@fusionintlpvt.com Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059
Tel 01-4465326, 9810025565, 9862804111, 9801087105, 9864432235, 9801307500

## बल्ल...

थापाले पार्टी सभापति शेरबहादुर देउवासँग भेटे । भेटमा नेताहरुले कास्कीमा कांग्रेसले टिकट पाएमात्र जित्न सम्भव हुने, एकीकृत समाजवादीलाई टिकट दिँदा कार्यकर्ता रूष्ट हुन सक्ने भनी ध्यानाकर्षण गरे । जवाफमा देउवाले गठबन्धन भएपछि सबै ठाउँमा कांग्रेसल नै पाउँछन् भन्ने नहुने भएकाले गठबन्धनको मर्म अनुसार जसले पाए पनि गठबन्धनले पाएको ठानेर जिताउन निर्देश गरे ।

**नगर र गाउँपालिकामा बाँकी**

गठबन्धनभित्र महानगर र उपमहानगरपालिकामा सहमति जुटेपनि नगरपालिका र गाउँपालिकाको भागवण्डा मिल्न बाँकी छ । कतिपय पालिकामा स्थानीय स्तरमै भागवढठा मिलेको भएपनि धेरै नगरपालिका र गाउँपालिकामा भागवण्डा मिलेको छैन् ।

७५३ स्थानीय तहममध्ये नेपाली कांग्रेसले साढे ३ सय पालिका प्रमुखमा दाबी गरेको छ । नेकपा माओवादी केन्द्रले साढे २ सय पालिका प्रमुखमा दाबी गरेको छ भने नेकपा एकीकृत समाजवादीले एक सय बढी पालिका प्रमुखमा दाबी गरेको छ ।

जनता समाजवादी पार्टी जसपाले पनि मधेशका अधिकांश स्थानीय तहमा नेतृत्व दाबी गरेको छ । राष्ट्रिय जनमोर्चाले पनि स्थानीय तहमा केही ठाउँमा नेतृत्वमा दाबी गरेको छ ।

सरकारका प्रवक्ता एवं संचार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नगरपालिका र गाउँपालिकाको भागवण्डाको विषयमा पनि छलफल चलिरहेको र निष्कर्ष नजिक पुगेको बताएका छन् । 'हामी प्याकेजमै सहमति खोजिरहेका छौं । छलफल सकरात्मक छ । हामी निष्कर्षको चरणमा पुगेका छौं' कार्कीले भने ।

## उम्मेदवार...

जनप्रतिनिधिले राजीनामा नदिई पुनः उम्मेदवारी दिनु कानुनसम्मत नभएको लिखित जवाफ सर्वोच्च अदालतसमक्ष दिएको थियो ।

पुनः उम्मेदवार बन्न जनप्रतिनिधिले तत्काल राजीनामा दिनुपर्ने निर्वाचन आचारसंहिताको प्रावधानलाई तत्काल कार्यान्वयन नगर्न अदालतले जारी गरेको अल्पकालीन आदेश खारेज हुनुपर्ने माग राख्दै आयोगले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाएको थियो ।

स्थानीय तह निर्वाचन ऐन मा पनि स्थानीय तहको कुनै पदमा निर्वाचित वा मनोनित कुनै पदाधिकारीलाई सो पदमा बहाल रहँदासम्म लाभको पद धारण गरेको व्यक्ति होइन भनी निजको मनोनयनपत्र स्वीकृत गर्न मिल्ने व्यवस्था छ ।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि वैशाख ११ र १२ मा मनोनयनपत्र दर्ताको कार्यक्रम तय गरिएको छ।

१३ गते उम्मेदवारमाथि उजुरी दर्ता गर्ने दिन तोकिएको छ भने १४ गते निर्वाचन अधिकृतले त्यसबारेमा निर्णय दिनुपर्छ ।

बहालवाला कुनै जनप्रतिनिधिले उम्मेदवारी दिएमा र ऊविरुद्ध उजुरी परेमा उम्मेदवारी बदर हुन सक्ने निर्वाचन आयोगको भनाइ छ ।

स्थानीय तहमा बहाल रहेको पदाधिकारी सो पदमा बहाल रहेरै उम्मेदवार हुँदा स्थानीय तहको स्रोत, साधन र पहुँचको उपयोग गर्न सक्ने र अन्य प्रतिस्पर्धीले सो सुविधा नपाउँदा उम्मेदवारलाई समान अवसर प्रदान नहुने स्थिति हुन सक्छ। यही विषयलाई आयोगले प्राथमिकता दिँदै आएको थियो जसलाई सर्वोच्चले सम्बोधन गरेको छ । स्थानीय तहमा बहालवाला कुनै पदाधिकारीले उम्मेदवारी दिई निजको विरोधमा कुनै उजुरी परेमा यस्तो उजुरी उपर छानबिन गर्दा संविधान तथा स्थानीय तहको निर्वाचन ऐन २०७३ दफा १३ बमोजिमको योग्यता नभएमा मनोनयनपत्र बदर गर्नुपर्ने व्यवस्था छ ।

सोही ऐनको दफा १३ (घ) कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था छ ।

त्यसैगरी स्थानीय तह निर्वाचन नियमावली-२०७४ को नियम ५ अनुसूची-१ को खण्ड (थ) मा उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिले प्रचलित कानुनबमोजिम कुनै स्थानीय तहको कुनै पनि पदमा उम्मेदवार हुन योग्यता पुगेको कुनै पनि व्यक्तिले स्थानीय तहको कुनै पनि पदमा उम्मेदवारी दर्ता गराउँदा सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउन कुनै लाभको पद धारण गरेको छैन भनी स्वघोषणा गर्नुपर्ने हुन्छ ।

## सत्ता ...

रोक्न अल्पकालीन अन्तरिम आदेश दिएको छ । छानबिन नै रोकिने र अधिकारी फेरि राष्ट्र बैंकको नेतृत्वमा फर्कने भएपछि सरकारमाथि भने नैतिक प्रश्न उठेको छ । किनकि अन्तिम फैसला जस्तो आए पनि गभर्नर अधिकारीमाथि जस्तो आरोप लगाएका थिए, तिनै व्यक्तिसँग सरकारले अब समन्वय गर्नुपर्नेछ ।

अझ गभर्नर अधिकारीलाई निलम्बन गर्ने निर्णय रोक्ने मागसहित परेको रिटको भाषाले भने अर्थमन्त्री जनार्दन शर्मा र प्रधानमन्त्री शेरबहादुर देउवामाथि गम्भीर प्रश्न उठेको छ। रिट निवेदनमा राष्ट्र बैंकले रोकेको अवैधानिक पैसा भित्र्याउन अर्थमन्त्री शर्माले दबाव दिएको उल्लेख छ । रिट निवेदनमै उल्लेख विवरणका आधारमा सरोकारवालाहरुले पनि गनर्भनर हटाउने निर्णयको विरोध जनाउँदै आएका थिए ।

विपक्षी दल नेकपा एमालेले त, गभर्नर हटाउने निर्णयलाई चुनावी एजेण्डाकै रुपमा प्रस्तुत गरेको छ। अर्थमन्त्रीले आफ्नो कमजोरी लुकाउन गभर्नर हटाएको एमालेको आरोप छ। एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेको गभर्नरलाई हटाउने निर्णयको विपक्षमा उभिनु अस्वभाविक होइन । तर सरकारले आफ्नो अनुकुल नभएकै कारण गभर्नर हटाउने निर्णयमा भने सर्वोच्चले अल्पकालीन रोक लगाएको छ ।

## मतदातासँग...

समाजवादीको प्रष्टीकरण छ । एमाले नेतृत्वमा विकसित भएको दक्षिणपन्थी अवसरवाद, गैरकम्युनिस्ट विचार, आचरण, तानाशाही र षड्यन्त्रकारी कार्यशैली सुधार्न नसकिएको भन्दै पार्टीलाई एमालेकै उत्तराधिकारी भएको दलिल गरिएको छ । एकीकृत समाजवादीले २००६ साल वैशाख १० गते पुष्पलालका नेतृत्वमा गठन भएको नेपाल कम्युनिस्ट पार्टीका सच्चा उत्तराधिकारी समेत आफूहरु भएको जिकिर पनि गरेको छ ।

'हामी २००६ साल वैशाख १० गते कमरेड पुष्पलालका नेतृत्वमा गठन भएको नेपाल कम्युनिस्ट पार्टीका सच्चा उत्तराधिकारी हौं । हामी नै कम्युनिस्ट आन्दोलनको एकता अभियानका सच्चा अभियन्ता हौं' घोषणापत्रमा उल्लेख छ ।

## त्रिपक्षीय...

राई (रमेश) ले ८३ मत र अर्का उम्मेद्वार थिरमणि पौडेलले ५३ मत प्राप्त गरेका थिए ।

उपाध्यक्ष पदमा जनक खड्का (प्रकाश) सबैभन्दा धेरै १६३ मतका साथ बिजयी भएका हुन् भने उनका निकटतम प्रतिद्वन्द्वी मोहनकुमार ढुंगेलले ७६ मत र अर्का उम्मेद्वार मित्र देव घिमिरे (गोपाल) ले ६१ मत प्राप्त गरेका थिए। यसैगरी महासचिव पदमा १५३ मतका साथ भवानी निरौला बिजयी भएका थिए भने उनका प्रतिस्पर्धी चिरञ्जीवी बस्यालले ८६ मत प्राप्त गरे ।

सचिव पदमा कमल काफ्ले १६० मतका साथ विजयी भएका थिए भने उनका प्रतिद्वन्दी प्रकाश बोहराले ७८ मत मात्र ल्याएका थिए । त्यस्तै कोषाध्यक्षमा १०३ मत ल्याएर कृष्ण कुमार जैशी विजयी भएका थिए भने उनका निकटतम प्रतिद्वन्दी सञ्जय पनेरुले ६९ मत र अर्का उम्मेद्वार इन्द्र प्रसाद आचार्यले ६७ मत मात्र ल्याएका थिए । सहकोषाध्यक्ष पदमा अमिर बाँस्तोला निर्विरोध निर्वाचित भएका थिए भने १० सदस्य पदमा इश्वर सापकोटा, नारायण भुषाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्रमणि पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गोतम र राजेश यादव निर्विरोध निर्वाचित भएका थिए । निर्वाचा'नमा कुल २४४ मत खसेको थियो भने २ मत बदर भएको थियो ।

**संभावित प्रतिशपर्धा**

**अर्याल प्यानल**

अध्यक्ष-तारानाथ अर्याल
बरिष्ठ उपाध्यक्ष- जनक खड्का (प्रकाश )
द्बितिय उपाध्यक्ष- विनोदजंग के सी
तृतीय उपाध्यक्ष- (टुंगो लाग्न बाँकी)
महासचिव - मेघनाथ भुर्तेल
सचिव - कृष्णप्रसाद जैसी
कोषाध्यक्ष- राजेश गौतम

**शर्मा प्यानल**

अध्यक्ष - ऋषि शर्मा
बरिष्ठ उपाध्यक्ष- थिरमणी पौडेल या भवानी निरौला
द्बितीय उपाध्यक्ष-नारायण पराजुली
तृतीय उपाध्यक्ष - (टुंगो लाग्न बाँकी)
महासचिव - कमल काफ्ले
सचिव - विक्रम श्रेष्ठ

**खनाल प्यानल**

अध्यक्ष - कुमुद खनाल
बरिष्ठ उपाध्यक्ष - भगिरथ राई (रमेश)
द्बितीय उपाध्यक्ष -मित्रदेव घिमिरे (गोपाल )
तृतीय उपाध्यक्ष- दीपक थापा
महासचिव -अमर प्रकाश तिवारी
सचिव - सन्तोष श्रेष्ठ
सह-सचिव -हर्क लिम्बू
कोषाध्यक्ष - कैलाश कार्की
सह- कोषाध्यक्ष - चन्द्र लिम्बू
सदस्य - जफरूद्दिन मियाँ

वरिष्ठ उपाध्यक्षमा किशोर कुमार केसी पनि आकांक्षी देखिएका छन भने तृतीय उपाध्यक्षमा केशवराज न्यौपाने, सचिवमा लक्ष्मण पौडेल, कर्णराज कटुवाल, भोजराज भुषाल, प्रकाश बोहरा, जंग बहादुर ईजम, सहसचिवमा नवीन पोखरेल, तुल्सी पुरी, अमीर बास्तोला र सुरेश ढकालले दाबी गरेको बताइएको छ ।

कार्यसमितिका सदस्यमा हेमन्त न्यौपाने, किरण न्यौपाने, प्रेम दुलाल, मान बहादुर कुँवर, हरि केसी, यमबहादुर केसी, विष्णु सापकोटा, सुनिता श्रेष्ठ, माधव भण्डारीलगायतका व्यवसायीले इच्छा देखाएको बताइएको छ ।

**के छन् एजेण्डा ?**

अध्यक्षाका आकाक्षी बरिष्ठ उपाध्यक्ष अर्यालले आफू एशोसिएसनको कार्यसमितिको सदस्यदेखि महासचिव र बरिष्ठ उपाध्यक्ष भएकोले यसपटक अध्यक्षको स्वभाविक उम्मेदवार रहेको बताए ।

एशोसिएसन नेपाली काँग्रेसको सुभेच्छुक सस्था भएकोले वैदेशिक रोजगारका समस्या बारेमा पार्टीपंक्ति र अन्य घटक संस्थामा छलफल गराई नेपाल वैदेशिक रोजगार व्यवसायी संघ मार्फत समाधान खोज्न अत्यधिक पहल गर्ने अर्यालको योजना छ ।

वैदेशिक रोजगारमा रहेका मेडिकल लगायत सबै प्रकारका सिण्डिकेट हटाउन कठोर कदम अघि बढाउने, रोजगारदाताबाट सेवाशुल्क नपाएको अवस्थामा कामदार पठाउने अन्य मुलुकका एजेन्सीले पाउने सरहको सेवा शुल्कका लागि प्रयास गर्ने विषयलाई पनि उनले प्राथमिकता दिएका छन् ।

कोभिडका कारणले वैदेशिक रोजगार क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरेपनि सो अनुसारको सुविधा नपाएकोले त्यसका लागि पहल गर्ने , वैदेशिक रोजगार ऐन र नियमावलीलाई व्यवसायी मैत्री र कामदारका कर्तव्य तोक्ने गरि परिमार्जन गर्न संघ मार्फत पहल गर्ने पनि उनले बताएका छन् ।

संघमा संघका पूर्व अध्यक्षको संयोजकत्वमा तदर्थ कार्यसमिति गठन भएकोले सकेसम्म छिटो साधारणसभा र नयाँ कार्य समितिको निर्वाचन गराउने वातावरणका लागि एशनेसिएसनका तर्फबाट आवश्यक परामर्श र पहल गर्ने पनि उनको योजना छ ।

अध्यक्षका अर्का आकाक्षी शर्माले आफू विगत दुई दशकदेखि निरन्तर पेशामा रहेको, विगतमा उपाध्यक्ष र बरिष्ठ उपाध्यक्षको जिम्मेवारी कुशलतापूर्वक सम्हालेको, संघको निर्वाचनमा तिलकबहादुर रानाभाटको पालादेखि नै लोकतान्त्रिक पक्षधरलाई जिताउन निस्वार्थ रूपमा खटेको, सबै पक्षसँग समन्वयकारी भुमिका निभाउन सक्ने भएकोले एशोसिएसनका पूर्वअध्यक्ष, सल्लाहकार वर्तमान कार्यसमितिको समर्थन रहेको दाबी गरे ।

उनले अध्यक्षमा निर्वाचित भएपछि अत्यन्तै अव्यवहारिक मानिएको संख्या सयको समस्याको स्थायी समाधान खोज्ने, सेवा शुल्क परिमार्जन गरि दक्षिण एशियाली मुलक सरह बनाउन पहल गर्ने, मागपत्र प्रमाणिकरणमा रहेको समस्यादेखि बेलाबेलामा उत्पन्न हुने समस्याहरूको समाधानका लागि मातृपार्टी नेपाली काँग्रेस, मन्त्रालय विभाग र अन्य संघसंस्थासंग छलफल समन्वय र पहल गर्ने बताए ।

शर्माले आफू नेपाली काँग्रेसको सिद्धान्त र आदर्शमा निरन्तर प्रतिवद्ध र क्रियाशील रहेको भन्दै नेपाली काँग्रेसको गत महाधिवेशनमा सुर्खेतबाट अत्यधिक लोकप्रिय मतले महाधिवेशन प्रतिनिधिमा छानिएका कारणले पनि अन्य प्रतिश्पर्धीले भन्दा आफुले एशोसिएसनलाई सशक्त र प्रभावकारी र नवीन सोचका आधारमा नेतृत्व दिनसक्ने आत्मविश्वास रहेको बताए । उनले भने, 'म कानूको विद्यार्थीपनि भएकोले समस्याहरूको जटिलता र समाधान बुझेको छु अन्य प्रतिश्प्रधीले भन्दा एशोसिएसनलाई चुस्त नेतृत्व प्रदान गर्न सक्छु ।'

अध्यक्षाका आकांक्षी कुमुद खनालले आफ्नो उम्मेदवारी परिवर्तनको लागि भएको बताए । 'केही व्यवसायीहरूले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई बन्दी जस्तो अवस्थामा पुराएको अनुभव व्यवसायीलाई भएको छ', खनालले भनेका छन् ।

उनले उचित नेतृत्व नहुँदा निसास्सिएको, कुनै निकास नभएको जस्तो व्यवसायीलाई लागेपछि स्वतस्फूर्त रूपमा नयाँ प्यानल बन्न पुगेको बताए । संघमा पारदर्शिताको अभाव भएको भन्दै उनले सूचनाको शेयरिङ र केयरिङ नभएको बताए ।

'व्यवसायको केन्द्रीय तत्वका रूपमा आम वैदेशिक रोजगार व्यवसायी रहेका भएपनि उनीहरूसँग सुधारका लागि कुनै राय सुझाव लिने काम भएन', उनले भने ।


## कतारमा रोजगारको अवसर

कम्पनीः WAAD AL SHAMAL CONTRACTING
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/०६ चलानी नं.: ६०१७८०६४ LT. No.: 261312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,३३० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 10 | 0 | | 1000 | ३३,३३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ वैशाख १४ गते (27 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Vision International Employment Pvt. Ltd.**

Patan, Sundhara, Lalitpur, Kathmandu, Phone: 5549981
Fax: 5552341, P.O.Box: 8975, EPC 1858
Email: info@visioninte.com, Website:www.visioninte.com
Govt. Lic. No. 392/060/61,



# Rapti Municipality
## Office Of Municipal Executive
**Bhandara, Chitwan**

## Notice for Invitation of Bid

**Contract Identification No: 14/Works/NCB/RM/078/079**

**Date of publication: 2079- 01- 04 (April 17, 2022)**

1. Rapti Municipality Office of Municipal Executive, Chitwan invites electronic bids from Nepalese eligible bidders for the **Construction of River Training Work Under "Terai Madhes Sambriddhi Programme" For Construction of collective housing for Unmanaged 25 houses Project in Rapti Municipality, Ward no – 5, Chitwan, Nepal, IFB No. 14/Works/NCB/RM/078/079** under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 29,54,178.36** excluding VAT and PS.
2. Eligible Bidders may obtain further information at Rapti Municipality Office of Municipal Executive, Chitwan, Nepal and to inspect the Bidding Documents may visit PPMO website http://www.bolpatra.gov.np/egp.
3. Bidding process shall be executed only by e-bidding process. Bidders can down load the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np**. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee of NRs. 3000.00 in the Project's Rajaswa (For Purchase Bidding Document) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **NIC Asia Bank Ltd. Parsa/ Bhandara Branch, Chitwan**
   Name of Office: **Rapti Municipality, Office of Municipal Executive, Chitwan.**
   Office Account no.: **Ga-1-1, 0982050029409002 (For Purchase Bidding Document)**
   Office Account no.: **Ga-3, 0984150019441007 (For Bid Security deposit)**
4. Pre-bid meeting shall be held at **2079-01-23 (May 06, 2022) at 11:00 Hr** at Rapti Municipality Office of Municipal Executive, Chitwan, Nepal.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. **On or before 12.00 noon 2079-02-03 (May 17, 2022).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2.00 PM** on **2079-02-03 (May 17, 2022)** at the Rapti Municipality Office of Municipal Executive, Chitwan, Nepal.
7. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs 1,00,000.00**, which shall be valid for **30 days** beyond the validity period of the bid or cash deposit bank voucher in account as specified above.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. All other terms & conditions will be as per prevailing procurement act & regulations of government of Nepal.

**Chief Administrative Officer**



# शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय
**व्याङ्गडाडा, झापा**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति २०७९/०१/०७ गते**

यस कार्यालयबाट ठेक्का नं. SM/NCB/12/2078-079 Construction of Truss Shed and Compound Wall in Landfill Site Shivasatakshi-07 बोलपत्र सम्बन्धमा सूचना प्रकाशित भएकोमा E-bid मार्फत पेश भएका बोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र 'सारभूतरुपमा प्रभावग्राही' ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्कानं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| SM/NCB/ 12/2078/79 | Construction of Truss Shed and Compound Wall in Landfill Site Shivasatakshi -07 | Shiva Bhakta Nirman Sewa, Shivasatakshi Municipality | रु. १०५४०२२२।०६ |



# महाङ्काल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**गोटीखेल, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७९/०१/०७ गते**

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०७८/१२/०२ गते दोस्रो पटक प्रकाशित सार्वजनिक सुचना अनुसार दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु मुल्यांकन हुँदा तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही पाईएकोले यस कार्यालयको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स | ठेक्का नं. | कामको बिवरण | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक .मू.अ कर सहित |
|---|---|---|---|---|
| १ | MRM-SQ-01/078/79 | Procurment Of Desktop Computer,Multifunctional Printer, Projector, Laptops And Tabs | Aarambha Energy And Electronics Pvt. Ltd ,Lalitpur | NRS. 1508550/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# लुम्बिनी प्रदेशका तत्कालिन सचिवविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** लुम्बिनी प्रदेश बुटवलका तत्कालिन प्रदेश सचिव बैकुण्ठ अधिकारीसहित चार जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अधिकारीसहित लुम्बिनी प्रदेशकै महाशाखा प्रमुख श्रीधर ज्ञवाली, आधुनिक कृषि किसान संसार संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारी र कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपालीविरुद्ध मुद्दा दायर गरेको हो ।

उनीहरुविरुद्ध ४३ लाख ३७ हजार ५०० रुपैयाँ माग दावी गरिएको छ । अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीका अनुसार उनीहरुविरुद्ध कृषि यान्त्रिकरण कार्यक्रममा मिनि टिलरको झुट्टा बिल भरपाई बनाई बिलको दोहोरो भुक्तानी लिने/दिने गरेको आरोप छ ।




सम्झौता भन्दा कम इन्जिन क्षमताको मिनि टिलर खरिद गर्ने गराउने कार्य गरी प्रदेश सरकारलाई गैरकानूनी हानि पुऱ्याएको भन्दै उजुरी परेपछि अख्तियारले अध्ययन गरेर मुद्दा दायर हो ।

## घुस लिँदा लिँदै पकाउ

मंगलबार बागलुङबाट बागलुङमै कार्यरत प्रहरी नायब निरीक्षक रुपनारायण महतो घुस लिँदा लिँदै पकाउ परेका छन् ।

पाँचथरका रमेश लिम्बु हाल बागलुङमा मेकानिक्सको रुपमा काम गर्दै आएका छन् । लिम्बुको म्याग्दीका धर्म कुमारी क्षेत्रीसँग लेनदेनको विषय थियो ।

उक्त लेनदेन केस मिलाइदिन्छु भनेर सेवाग्राही लिम्बुसँग ३८ हजार लिइरहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिएको टोलीले महतोलाई मंगलबार करिब साढे ६ बजे रंगेहात पकाउ गरेको हो ।

आयोगले विज्ञप्ति निकालेर महतोलाई बागलुङस्थित विपत व्यवस्थापन गुल्म नजिकैको क्षेत्रबाट पकाउ गरिएको जानकारी दिएको छ ।

# निर्वाचनको ७२ घण्टा अघिदेखि सीमा नाका बन्द

**जनकपुर/मस**–स्थानीय तह निर्वाचन हुनु ७२ घण्टा अघिदेखि नेपाल-भारत सीमा नाका बन्द गर्ने दुई देशका सुरक्षा अधिकारीको संयुक्त बैठकले निर्णय गरेको छ ।

भारतको मधुवनी जिल्लास्थित जयनगरमा मंगलबार बसेको दुवै देशका सुरक्षा अधिकारीहरुको संयुक्त बैठकले यही वैशाख ३० गते हुने स्थानीय निर्वाचनको ७२ घण्टा अगाडिबाट सीमा नाका बन्द गर्ने निर्णय गरेको हो । खुल्ला सीमा नाकाका कारण निर्वाचनको बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले ७२ घण्टा अगाडिदेखि सीमा नाका बन्द गर्ने निर्णय भएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए ।




बैठकमा सीमा वारपारको सम्बन्ध, दशगजाको अतिक्रमण, दशगजाको व्यवस्थापन, दुईपक्षको आन्तरिक सुरक्षा, तस्करी, लागुऔषध र मदिरा ओसारपसार नियन्त्रणलगायतका विषयमा पनि छलफल भएको प्रजिअ पौडेलले बताए ।

बैठकमा नेपालतर्फको नेतृत्व प्रजिअ पौडेलले गरेका थिए भने भारततर्फको नेतृत्व मधुवनी जिल्लाका डिएम अमित कुमारले गरेका थिए । बैठकमा प्रजिअ पौडेलसहित सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडी, सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम र महोत्तरीका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललगायत चारै जिल्लाका सुरक्षा निकायका प्रमुखको सहभागिता रहेको थियो ।

# घोषणापत्रमा मानवअधिकारका विषय समावेश गर्न आग्रह

**काठमाडौं/मस**–राष्ट्रिय मानवअधिकार आयोगले राजनीतिक दलको प्रतिज्ञापत्रको रूपमा सम्बन्धित दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानवअधिकारको विषय समावेश गर्न आग्रह गरेको छ ।

आयोगले दलको घोषणापत्रमा मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि नेपालको संविधान, राजनीतिक दलसम्बन्धी ऐन, आयोगका सिफारिस तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरुप उच्च महत्व र प्राथमिकताका साथ मानवअधिकारका विषयलाई समावेश गर्न सबै राजनीतिक दलहरूलाई विशेष आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा आगामी वैशाख ३० गते सम्पन्न हुन गइरहेको स्थानीय तह निर्वाचनमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानवअधिकारका विषय समावेश गर्न निर्वाचनमा भाग लिने सबै दलहरुलाई आग्रह गरिएको छ ।




विज्ञप्तिमा भनिएको छ,‘ विगतमा राजनीतिक दलहरुले आफ्ना घोषणापत्रमा मानव अधिकारका विषयलाई समावेश गरेकामा सराहना गर्दै दलका आगामी घोषणापत्रमा अझ स्पष्टताका साथ मानवअधिकारका विषय समावेश हुनेछ भन्ने आयोगले अपेक्षा गरेको छ ।’ लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनसमेतको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानको लक्ष्य रहेको र त्यसको कार्यान्वयनको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूको रहेको कुरा आयोगले सबै दलहरुलाई स्मरण गराएको छ ।

समृद्ध राष्ट्र निर्माण गर्ने सन्दर्भमा नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चिततालाई स्वीकार गरी हकअधिकारलाई मौलिक हकको रूपमा नेपालको संविधानले व्यवस्था गरेको सन्दर्भमा त्यसको कार्यान्वयमा राजनीतिक दलको समेत जिम्मेवारी रहन्छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० मा उल्लिखित राजनीतिक दलको काम, कर्तव्य र अधिकारअनुरुप पनि दलहरुले आफ्ना क्रियाकलापलाई मानवअधिकारमैत्री बनाउनुका साथै घोषणापत्रमा समेत मानवअधिकारका विषयवस्तु समावेश गर्नुपर्ने हुन्छ ।

नागरिकको अधिकार सुनिश्चितताका लागि संविधानले विभिन्न १२ वटा नीतिहरू अवलम्बन गरेको हुँदा मानव अधिकार र मौलिक हकका साथै त्यस्ता नीतिहरुको समेत कार्यान्वयनको दायित्व राज्यको हुन्छ ।

आयोगले निर्वाचनका क्रममा भयरहित, निष्पक्ष र स्वतन्त्ररूपमा निर्वाचनमा भाग लिन पाउने अधिकारको संरक्षण गर्नका लागि सरकार, निर्वाचन आयोग, राजनीतिक दललगायतलाई विभिन्न सिफारिस गरेको सम्बद्ध सबैलाई पुनः स्मरण गराएको छ ।

नेपालले मानवअधिकारसम्बन्धी विभिन्न ४१ वटा अन्तर्राष्ट्रिय महासन्धिलाई स्वीकार गरिसकेको सन्दर्भमा मानवअधिकारप्रतिको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यका साथै सरकार सञ्चालन गर्ने दलहरुको पनि हुने आयोगको ठहर छ ।

# घरबाटै फोहर व्यवस्थापन

**चितवन/मस-** वातावरण संरक्षणका लागि फोहरको व्यवस्थापन घरबाट नै गर्नुपर्ने एक कार्यक्रममा सहभागीले बताएका छन् ।

भरतपुर महानगरपालिकाले आयोजना गरेको वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनसम्बन्धी बृहत् प्रदर्शनी तथा अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले घरबाट निस्किएका फोहरलाई वर्गीकरण गरी व्यवस्थापन गर्न सकिने बताए । घरबाट निस्किने फोहरलाई वर्गीकरण गर्दै प्राङ्गारिक मल र पुनःप्रयोग गर्न सकिने उनीहरुको भनाइ थियो ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले घरबाट निस्कने फोहरलाई व्यवस्थापन अहिलेको चुनौति बनेको बताइन् ।

घरघरबाट निस्किने फोहर व्यवस्थापनमा स्वयं घरधनी लाग्ने हो भने वातावरण संरक्षण र फोहरमैलाको व्यवस्थापन हुने उनको भनाइ थियो । अहिले महानगरमा दैनिक ७० टन फोहर उत्पादन हुँदै आएको र त्यसमा ५० प्रतिशत कुहिने फोहर हुने गरेको उनको भनाइ थियो । यसको व्यवस्थापनका लागि महानगरपालिकाले टोलटोलमा अभियान सञ्चालन गरेको भए पनि प्रभावकारी बन्न केही समय लाग्ने उनले बताइन् ।



उनले भनिन्, ‘घरबाट निस्कने फोहरलाई घरमा नै व्यवस्थापन गर्ने बानी बसाल्न सकेमा वातावरण पनि सफा हुन्छ ।’

महानगरपालिका उपप्रमुख पार्वती शाह ठकुरीले फोहर व्यवस्थापनका लागि महानगरपालिकाले आमा समूह तथा टोल सुधार समितिलाई तालिम दिएर काम अघि बढाएको बताइन् ।

कुहिने फोहरलाई मलको रुपमा र नकुहिने फोहरले हस्तकला सामग्रीको रुपमा विकास गर्न सकिने उहाँले बताइन् ।

कार्यपत्र प्रस्तुत गर्दै तुलसी ज्ञवालीले फोहरलाई स्रोतबाटै व्यवस्थापन गर्न सके वातावरण सफा राख्न सकिने बताए ।

वातावरण संरक्षणमा सहयोग पुऱ्याउन समुदायस्तरबाटै काम गर्नुपर्ने उनको भनाइ थियो ।

बायो ग्यास नेपालका प्रतिनिधि दीपेशराज शर्माले प्लास्टिक चुनौति र विकल्पका बारेमा कार्यपत्र प्रस्तुत गर्दै प्लास्टिकको प्रयोगले वातावरण संरक्षणमा चुनौति थपिएको बताए । यसको सही सदुपयोग गर्दै प्लास्टिकको सट्टामा अन्य झोलाको प्रयोग गर्न सकिने बताए । प्लास्टिक कुहिने लामो समय लाग्ने भएकाले यसको प्रयोग कम गर्नुपर्ने उनको भनाइ थियो ।

प्रमुख जिल्ला अधिकारी अष्मान तामाङ, भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदी, भरतपुर महानगरपालिकाका प्रवक्ता अरुणपीडित भण्डारी, प्लास्टिक व्यवसायी संघका अध्यक्ष रामप्रसाद गजुरेल, हाम्रो दृष्टि राम्रो दृष्टिका सागर कार्कीलगायतले घरबाट निस्कने फोहरको सही सदुपयोग गर्दै सभ्य समाज निर्माणमा सहयोग गर्न आग्रह गरे ।

फोहरबाट निर्माण गरिएका विभिन्न सामग्रीको प्रदर्शनी गरिएको थियो । प्रदर्शनीमा मिलन सचेतना महिला समूह भरतपुर-९ प्रथम, आनन्द अभिभावक आश्रम भरतपुर-२ द्वितीय, बाबुराम कँडेल (टायरको गमला निर्माण) तृतीय र महाकालेश्वर आमा समूह भरतपुर १० र निलगिरि जागृति टोल विकास समिति भरतपुर-११ ले सान्त्वना स्वरुप पुरस्कार प्राप्त गरेका थिए । प्रदर्शनीमा आमा समूह, टोल विकास संस्था र विभिन्न संघसंस्था गरी २१ समूह सहभागी छन् ।


## वराहपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
प्रदेश नं.१, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशित मिति २०७९/०१/०७**

यस कार्यालयको लागि चालु आ.व.२०७८।०७९ को स्विकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका ठेक्काहरुका लागि मिति २०७८।१२।०४ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-Submisission बाट दर्ता भई तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएको र बोलपत्र मूल्यांकन समितिको मिति २०७९।०१।०४को निर्णयानुसार बोलपत्र स्विकृतीको लागि सिफारिश भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कवोल रकम (मु.अ.कर समेत ) रु. |
|---|---|---|---|---|
| १.. | BPRM/Kho-tang Work/NC-B/R/02/078/079 | Upgrading of dhaplang-Sintang Road | Dhanasuna Construction, Trijuga 13, Udayapur | Rs.64,40,808.80 |

## शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय
व्याङ्गडाडा, झापा

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०७९/०१/०७ गते**


यस कार्यालयबाट ठेक्का नं. SM/NCB/13/2078-079 Construction of Janata Aawash Building Shivasatakshi-3 बोलपत्र सम्वन्धमा सूचना प्रकाशित भएकोमा पेश भएका वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्र सारभूतरुपमा प्रभावग्राही ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| SM/ NCB/13/2078/79 | Construction of Janata Aawash Building Shivasatakshi -3 | Bhimeshwor Construction Pvt Ltd, Biratnagar | रु. ४४६८५८१९७ |

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.







तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
७ वैशाख २०७९, बुधबार
20 April 2022, Wednesday

## सम्पादकीय

# अन्तरिम आदेशको अर्थ

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्ने सरकारको निर्णयमा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ । सर्वोच्चमा परेको रिटमाथि सुनुवाइ गर्दै सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको हो । सर्वोच्चको अल्पकालीन आदेशसँगै निलम्बनमा परेका अधिकारी काममा फर्कने बाटो खुलेको छ । गभर्नरबाट निलम्बनमा परेका अधिकारीबारे छानबिन गर्न बनेको समितिलाई समेत काम रोक्न आदेश दिइएको छ । न्यायाधीश हरि फुयालको एकल इजलासले अन्तरिम आदेश दिएपछि गर्भनर अधिकारीले राष्ट्र बैंकले न्याय पाएको प्रतिक्रिया दिएका छन् । व्यक्तिले भन्दा पनि राष्ट्र बैंकलाई सर्वोच्चले न्याय गरेको अधिकारीले बताएका छन् ।

सर्वोच्च अदालतले यो रिटमाथि अन्तिम फैसला दिन बाँकी छ । थप बहसपछि यो रिटमाथि अन्तिम फैसला आउनेछ । गभर्नर अधिकारीले अन्तिम फैसला आफ्नो पक्षमा आउने विश्वास गरेका छन् । तर सर्वोच्चको यो फैसलाले सरकारमाथि भने नैतिक प्रश्न उठेको छ । किनकि सुनुवाइको पहिलो नजरमै गभर्नर निलम्बनको निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश दिइएको छ । अदालतको आदेशपछि गभर्नर अधिकारी अब नियमित काममा फर्कनेछन् । राष्ट्र बैंकको नेतृत्वमा बस्नेछ । त्यो अवस्था अर्थमन्त्री जनार्दन शर्मा र प्रधानमन्त्री शेरबहादुर देउवाका निम्ति सहज हुनेछैन । हुन त गभर्नर र सरकारले गर्ने काम अलग–अलग हो, तर समन्वय भने आवश्यक पर्नेछ । निलम्बन गरिएकै व्यक्ति फेरि नेतृत्वमा फर्किएपछि हुने सम्बन्ध पहिले जस्तो राम्रो नहुन सक्छ । त्यस्तो अवस्था सत्ताको नेतृत्वमाथि नै नैतिक प्रश्न उठ्नेछ ।

अझ रिट दायरका क्रममा अर्थमन्त्री जनार्दन शर्मामाथि केही गम्भीर आरोप समेत लगाइएको छ । राष्ट्र बैंकले रोकेको निर्णय अगाडि बढाउन अर्थमन्त्री शर्माले दबाव दिएको विवरण रिटमा उल्लेख छ । यसले आगामी चुनावमा समेत सत्ता साझेदार दलका उम्मेद्वारहरूलाई पर्नेछ भने विपक्षी दल नेकपा एमालेले नयाँ एजेण्डा पानेछ । हुनत सरकारको निर्णयप्रति त्यसैबेला पनि सरोकारवालाहरूले आपत्ति जनाएका थिए । सत्ताको स्वार्थ पूरा नभएकै कारण गभर्नर हटाउने निर्णयले राज्य संरचनामा अस्थिरता ल्याउने उनीहरूको निष्कर्ष थियो । त्यही निष्कर्षलाई बल पुग्नेगरी सर्वोच्चले अन्तरिम आदेश दिएको छ । अन्तिम फैसला जे पनि आउन सक्छ, तर यसको सिकाइ भने सत्ताले आफ्नो अनुकुलतामा जे पनि निर्णय गर्न सकिन्छ भन्ने चाहिँ सोच्न हुन्न । आगामी दिनमा सरकारले निर्णय गर्दा यसतर्फ सोच्न जरूरी छ ।

# प्रश्नमा चुनाव बहिष्कारको नीति

*केही मान्छेहरूका तर्कहरू अनौठो छन् : बहिष्कार वा विभाजन । बहस र्टी बनाउनका लागि गर्ने कि ध्वंस गर्नका लागि ? के बहिष्कार भन्दैमा क्रान्तिकारी भइन्छ त ? के क्रान्ति भनेको खाली शब्द आडम्बरको विषय मात्र हो त ?*

अग्रलेख



● विष्णु पन्त

### चुनाव बहिष्कारको अर्थ

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीभित्र एउटा बहस चलिरहेको छ । बहसको केन्द्रमा सरकारले गर्न लागेको संसदीय चुनावको प्रयोग वा बहिष्कार भन्ने विषय छ । पार्टीको केन्द्रीय समितिले एकमतले एउटा निर्णय गरेको छ, त्यो हो - पार्टी नै दर्ता गरेर चुनावमा नजाने तर, चुनावलाई प्रयोग गर्न सक्ने । चुनावलाई संघर्षको वा पार्टीको अर्को मोर्चाको रूपमा प्रयोग गर्ने पार्टीको मूल मर्म रहेको छ । शायद, यही विषयमा केही भाँडभैलो, अराजकता र अनुशासनहीनतालाई संस्थागत गर्ने षडयन्त्र हुँदैछ । सबैलाई थाहा छ, पार्टीमा कार्यनीतिक बहसहरू स्वभाविक हुन्छन् तर, बहसलाई षडयन्त्र र घुसपैठको साधन बनाइनु हुँदैन ।

केही मान्छेहरूका तर्कहरू अनौठो छन् : बहिष्कार वा विभाजन । बहस तथा पार्टी बनाउनका लागि गर्ने कि ध्वंस गर्नका लागि ? के बहिष्कार भन्दैमा क्रान्तिकारी भइन्छ त ? के क्रान्ति भनेको खाली शब्द आडम्बरको विषय मात्र हो त ? स्पष्ट हुनुपर्छ, जसले बहिष्कारको एकोहोरो शंख बजाएका छन् ती कहीँ न कहीँबाट घुसपैठ, परिचालीत र षडयन्त्रका शिकार बनेका छन् । पार्टीले बहिष्कारकै निर्णय गरेको भएपनि तिनीहरू पार्टीमा बस्दैनथे । उनीहरूलाई यही प्रश्न काफी छ के बहिष्कार भन्दैमा क्रान्तिकारी भइन्छ त ? फेरि जनताको प्रश्न त छँदै छ - बहिष्कार केवल भन्नका लागि कि गर्नका लागि ?



वास्तवमा कार्यनीतिक विषयमा धेरै ठूलो विवाद गर्नुपर्ने जरूरी नै छैन । फेरि पनि प्रश्न उही नै छ, के यो राजनीतिक वैचारिक विवाद हो ? कि अन्य प्राविधिक विषयको राजनीतिकरण हो ? नेपाली राजनीतिमा एउटा गलत संस्कृति पनि छ, त्यो हो : अपराधको राजनीतिकरण । नेपालीमा एउटा उखान पनि छ, जो चोर उसको ठूलो स्वर । त्यसकारण नेतृत्व त भविष्य द्रष्टा हुनुपर्छ । खाली भूत द्रष्टा भएर हुँदैन । नेतृत्वले आजको सामाजिक मनोविज्ञानको सही संश्लेषण गर्न सक्नु पर्दछ । अराजकताको भीडबाट पार्टी बन्दैन । पार्टी भनेको त विधि, पद्धति र विचारबाट चल्नुपर्छ । विधि, पद्धतिको विकासबाट पार्टी चलाउने नेतृत्वको आँट र साहसलाई सम्मान गर्नुपर्छ । धनी बन्ने वा आर्थिक अराजकता मच्चाउने उद्देश्य बोकेर विप्लव नेतृत्वको नेकपामा आएका कोही छन् भने तिनीहरूलाई त्यो छुट छैन । कुनै पनि नेतालाई व्यक्तिगत रूपमा चन्दा असुली गर्ने अधिकार कम्तीमा यो पार्टीमा हुनु हुँदैन । त्यसकारण क्रान्तिकारी वा कम्युनिष्ट पार्टी निर्माणको प्रश्न आजको मुख्य प्रश्न हो । पार्टी त आवश्यकताअनुसार कहिले दायाँ त कहिले बायाँ मोडिन सक्नुपर्छ । त्यसकारण आज जबरजस्तरूपमा एउटा प्रवृत्ति देखा परेको छ, त्यो हो - बहिष्कार या त विभाजन । अन्तत्वगत्वा यो प्रवृत्तिको उद्देश्य विभाजन नै हो । यो एउटा षडयन्त्रको रूपमा प्रकट भएको छ ।

सबैलाई थाहा छ, यो प्रवृत्तिको निहित उद्देश्य क्रान्ति हैन बरू प्रतिक्रान्ति हो । बहिष्कारको तर्क केवल नेतृत्व र पार्टीलाई ध्वंस गर्नका लागि ल्याइएको हो भन्ने कुरा स्पष्ट हुन्छ । वैचारिक रूपमा को कति पानीमा छ भन्ने कुरा भविष्यमा खुल्ने नै छ । षडयन्त्रको सिद्धान्तका रूपमा आएको छ, बहिष्कारको नारा । पार्टीले एउटा सर्वसम्मत निर्णय गर्‍यो तर, त्यसलाई पनि पालना नगर्ने एउटा गम्भीर समस्या देखा पर्‍यो । आन्तरिक छलफलमा सहमति बन्ने तर, बाहिर गएपछि बिग्रिने अर्को समस्या देखा पर्‍यो । चुनावको विषय तत्कालिक, कार्यनीतिक र सहायक हुनुपर्नेमा प्रधान जस्तो बनाइयो भन्ने महासचिवको विश्लेषण सही छ । लडाईंमा दुश्मनले हामीलाई कमजोर बनाउने कुन रणनीति प्रयोग गरिरहेका छन् भन्ने तथ्यलाई बुझ्नुपर्दछ ।

### सरकारसँगको सहमतिमाथि प्रश्न

तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकार र विप्लव नेतृत्वको नेकपाबीच भएको ३ बुँदे सहमतिलाई अहिले भाँड्ने षडयन्त्र भइरहेको जस्तो देखिएको छ । ३ बुँदे सहमतिलाई सकेसम्म कार्यान्वयन हुन नदिने गरि सरकार र पार्टी दुवैलाई उक्साउने कामहरू भएका छन् । हतियारको प्रश्न होस् या गम्भीर अपराधका मुद्दाको विषय निकालेर होस्, वातावरणलाई उत्तेजीत बनाउने र भड्काउने काम हुँदैछ । रूपमा हेर्दा दुवै अतिहरू परस्पर विरोधी जस्ता देखिए पनि सारमा तिनीहरूबीच तालमेल भएको देखिन्छ । यति त सबैले बुझ्नुपर्छ कि ३ बुँदे सहमति पछि हामीले वैधानिक वा शान्तिपूर्ण संघर्षलाई प्रधान बनाएका छौं । यो तथ्यलाई कसैले नबुझेको जस्तो लाग्दैन । यो सहमतिको पालना गरेर जाँदा नै पार्टी र नेतृत्वको विश्वसनीयता बढ्छ, राजनीतिमा इमान्दारीता, पारदर्शीता र विश्वसनीयता चाहिन्छ । सरकारले गर्न लागेको चुनावको प्रतिक्रिया दुई वटा छन् : प्रयोग वा बहिष्कार । अर्को पनि नकारात्मक प्रतिक्रिया हुन्छ, त्यो हो : आत्मसमर्पण वा ध्वंस । तर, यो विकल्पमा कुनै बहस छैन । हामीले कुनै पनि संसदीय वा पुँजीवादी चुनावलाई प्रयोग वा बहिष्कार गर्ने अभ्यास गर्दै आएकै छौं । त्यसकारण प्रयोग वा बहिष्कार दुवै सामान्य प्रतिक्रिया मात्र हुन् ।

> *फरक मत, फरक विचार वा नेतृत्वको विषयमा विवाद भए त्यसको समाधान महाधिवेशनबाट गर्ने अभ्यास सही हुन्छ । जतिबेला मन लाग्यो त्यतिबेला फुट्ने संस्कारलाई हटाउन सक्नुपर्छ । पार्टी जीवनलाई अराजकतावादमा र फुटवादमा फसाउनु हुँदैन ।*

